**कोरोना भाइरस सम्बन्धी प्रदेश ५ को अवस्था**
**बाँके । ०७७ वैशाख १८ गते**
**इन्सेक  दाङ जिल्ला प्रतिनिधि जयनारायण पुन**का अनुसार डिभिजन वन कार्यालयको हिरासतमा क्षमता भन्दा बढी थुनुवा हुदाँ समाजिक दुरी कायम राख्न समस्या हुनुको साथै  सुत्न समस्या भएको लकडाउनको अवधिमा बन्यजन्तुको चोरी सिकारी बढेसँगै थुनुवा बढेका हुन् । ६ जनाको क्षमता रहेको हिरासतमा १७ जना रहेका छन् ।
क्षमता भन्दा बढी थुनुवा भएका कारण थुनुवा र बनका अन्य कर्मचारीहरूलाई समेत कोरोना भाइरसको जोखिम रहेको डिभिजन प्रमुख दिपक ज्ञवालीले बताउनु भयो ।
कोरोनाकै जोखिमका कारण हिरासतबाटै भिडियो कन्फ्रेन्समार्फत म्याद थपको काम भइरहेको तर अदालतले कोरोना परीक्षण नगरी अदालत पेश नगर्न भनेपछि झन समस्या भएका ज्ञवालीले बताउनु भयो ।
जिल्ला अदालतका स्रेस्तेदार धनसिंह गिरीले गम्भीर प्रकृतिका बाहेक अरू मुद्दाका आरोपितहरूलाई लकडाउन खुलेपछि हाजिर हुनेगरी निश्चित धरौटीमा थुनुवालाई रिह ागर्न सकिने भन्दै सोही अनुसार गर्न जिल्ला बन कार्यालयलाई भनेको भएपनि कार्यान्वयन गर्न नसकेको बताउनु भयो ।

**इन्सेक कपिलवस्तु जिल्ला प्रतिनिधि पार्बती आचार्य**का अनुसार जिल्ला स्वास्थ्य कार्यालय कपिलवस्तुको सहकार्यमा कृष्णनगरको क्वारेण्टाइनमा १४ दिन बसेका  १४ जना व्यक्तिको स्वाव सङ्कलन  राष्ट्रिय प्रयोगशाला काठमाण्डौ पठाइएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख योगेन्द्र भगतले बताउनु भयो ।
नेपाली काङ्ग्रेस वाणगङ्गा नपा - ३ को वडा समितिले कपिलवस्तुले झुल वितरण गरेको छ  । गरिव, ज्येष्ठ नागरिक तथा एकल गरी ४० परिवारलाई स वितरण गरिएको वडा सभापति खिमानन्द पाण्डेले बताउनु भयो । नेपाल रेडक्रस  सोसाईटी शाखा कार्यालय कपिलवस्तुले जिल्ला कारागारका थुनुवा बन्दीहरुका लागि १ सय ५० वटा  साबुन हस्तान्तरण गरेको कारागारका  जेलर राकेश पाण्डेयले बताउनु भयो ।

**इन्सेक गुल्मी जिल्ला प्रतिनिधि टोपलाल अर्याल**का अनुसार जिल्लामा कोरोना रोकथाम तथा नियन्त्रणको लागि स्थानीय तहले राहत कोष स्थापना गरेका छन् । कोषमा प्रदेश सरकारबाट प्राप्त अनुदान, स्थानीय तहको रकम, जनप्रतिनिधि र कर्मचारी, शिक्षक लगायतले स्वच्छिक रुपमा प्रदान गरेको पारिश्रमिक र स्थानीय  स्तरमा रहेका गैरसरकारी संस्थाहरूले रकम जमा गरेका  छन् ।
इस्मा गाउंपालिकाको राहत कोषमा १ करोड १५ लाख, धुर्कोट गाउँपालिकाको राहत कोषमा ६८ लाख, मालिका गाउँपालिकामा ६० लाख, रेसुङ्गा नगरपालिकामा  ५० लाख ५० हजार, मुसिकोट नगरपालिकामा  २८ लाख, रुरुक्षेत्र गाउँपालिकामा  ३१ लाख,  गुल्मी दरवार गाउंपालिका ४० लाख, छत्रकोट गाउंपालिका २३ लाख, चन्द्रकोट नपामा १९ लाख २५ हजार, सत्यवति गाउँपालिमा ४० लाख र कालिगण्डकी गाउँपालिमा  २० लाख रुपियाँ  कोरोना रोकथाम तथा नियन्त्रण बिशेष कोष स्थापना भएको  छ ।
राहत कोष मार्फत स्वास्थ्य सुरक्षाका सामग्रीहरू पीपीइ, ग्लोबस, मास्क  सेनिटाइजरहरु खरिद गर्ने, क्वारेण्टाइन व्यावस्थापन र अनुगमन ,विपन्न परिवारलाई खाद्यान्न खरिद लगायतका काममा खर्च गरिने मदाने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेश भण्डारीले बताउनु भयो ।

**इन्सेक नवलपरासी पश्चिम जिल्ला प्रतिनिधि नारायण पराजुली**का अनुसार लकडाउनको उल्लङ्घन गर्दै सिमा नाकाबाट अवैध मादक पदार्थ ओसार पसार गरेको आरोपमा प्रहरीले पाल्हीनन्दनन गाउँपालिका -५ की १४ वर्षीय बालक , ६५ वर्षीय पूर्णमासी कहाँर र २४ वर्षीय मुन्ना कहाँरलाई सशस्त्र प्रहरीले गिरफ्तार गर्ने क्रममा कुटपिट गरी घाइते बनाएको आरोप लगाएको छ ।
घाइतेहरूको पृथ्वीचन्द्र जिल्ला अस्पतालमा उपचार गराइएको छ । उनहरू मध्ये पूर्णमासीको टाउको र हातमा चोट लागेको छ भने अखिलेशको हात भाचिँएको र मुन्नाको छाति र पेटमा चोट लागेको पीडित अखिलेशकाबुवा सुरेन्द्र गौणले बताउनु भयो ।
यसैगरी बर्दघाट नगरपालिकाले दैविय प्रकोप उद्धार कोषमा ५० लाख रुपियाँ रकमान्तर गरेको छ । विभिन्न सङ्घ सस्था र व्यक्तिबाट गरि उक्त कोषमा रकम सङ्कलित भइरेको छ ।

**इन्सेक रुपन्देही जिल्ला प्रतिनिधि रीमा बिसी**का अनुसार प्रदेश ५ भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले कृषि क्षेत्रमा लागेकाहरूलाई प्रोत्साहन गर्ने उदेश्यले कृषिकर्मी रोजगार कार्यक्रम ल्याएको छ ।
कृषिकर्मी रोजगार कार्यक्रमले पलायन भईरहेको श्रमशक्तिलाई रोकेर कृषिलाई आकर्षित क्षेत्रको रुपमा विकास गर्ने अपेक्षा प्रदेश सरकारको रहेको छ । जसकालागि प्रदेश सरकारले कृषिकर्मी रोजगार कार्यक्रममा नीजि क्षेत्रलाई प्राथमिकतामा राखेको छ ।
प्रदेश सरकारले मन्त्री परिषद्बाट कार्यविधि स्वीकृत गराए अनुसार अब कुनै पनि कृषि फर्म, सहकारी वा संस्थाले कृषि क्षेत्रमा काम गर्ने व्यक्तिहरूलाई उचित किसिमको तालिम, सीप प्रदान गरेर कृषि क्षेत्रमा रोजगार प्रदान गर्ने गरी योजना बनाइएको छ ।
पहिलो चरणमा ३० प्रतिशत खर्च प्रदेशसरकारले व्यहोर्ने छ भने ७० प्रतिशत रकम रोजगारदाता कम्पनीले व्यहोर्नुपर्ने छ । नेपाल सरकारले तोकेको १० हजार ७ सय ८१ रुपियाँ कृषिकर्मी रोजगारकर्मीले पाउने छन् । प्रदेश ५ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले वैशाख १८ गते प्रेस विज्ञप्ती जारी गर्दे सो विषयमा जानकारी गराएको हो ।
विज्ञप्तीमा कृषि क्षेत्रलाई सघनीकरण, विविधीकरण, व्यवसायीकरण र आधुनिकीकरण गर्न दीगो विकासका रुपमा दक्ष कृषिकर्मीको विकास गर्ने, ग्रामीण क्षेत्रमा उपलब्ध श्रोत साधनको अधिकतम उपयोग गरी कृषि विकास गर्न स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने उद्देश्य सहित यस्तो कार्यक्रम ल्याइएको भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका प्रवक्ता बरिष्ठ कृषि विकास अधिकृत विनोद घिमिरेले बताउनु भयो ।
घिमिरेले निजि क्षेत्रको सहकार्यमा गरिने रोजगारि कार्यक्रमका लागि आवश्यक न्युनतम मापदण्ड समेत तयार गरिएको बताउनुभयो ।
**यसैगरी** इन्सेक रुपन्देहीले स्थानीय तहहरुसँग समन्वय र सहकार्य गरी जिल्लाका १२ जना स्पाइनल इन्जुरीको अपाङ्गता भएका व्यक्तिहरूलाई विभिन्न सामाग्रीहरु वितरण गरेको छ ।
**इन्सेक प्रदेश ५ कार्यालय, नेपालगञ्ज**